विष्णु बहादुर के.सी
अध्यक्ष

## देबिस्थान सामुदायिक वन उपभोक्ता समुह,

## शिवराज नगरपालिका वडा नं. - ३ बलुहवा, कपिलवस्तु

# बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना

## दोस्रो पटक प्रकाशित मितिः २०८२।०५।०४

देबिस्थान सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलनबाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखीएको तपसिलमा उल्लेखित परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८२।०५।०४ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । मूल्य अभिवृद्दी कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६औं दिन सम्म दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरणः

| क्र.सं. | लट नं | जात | ग्रेड | थान | परिणाम | न्यूनतम मूल्य प्रति ईकाइ दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | धाङ नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | A | १९ | ४६८.४७ | १२५० | ५८५५८८ | प्रति क्यू. फिट रु. १५४ | १ /३ ५/८ | RF/FT |
| | | साल | B | १३ | १२५.९१ | ९०० | ११३३१९ | | | |
| | | साल | C | ९१ | ३४६.२८ | ६०० | २०७७६८ | | | |
| | | साल | D | १३ | २९.९३ | ३०० | ८९७९ | | | |
| | | जम्मा | | १३६ | ९७०.५९ | | ९१५६५४ | | | |
| | | असना | B | ६ | ६२.०० | ३०० | १८६०० | | | |
| | | असना | C | ४ | २०.०८ | १०० | २००८ | | | |
| | | बाझी | | ३४ | २६०.६४ | १०० | २६०६४ | | | |
| | | जम्मा | | ४४ | ३४२.७२ | | ४६६७२ | | | |
| | | कुल जम्मा | | १८० | १३१३.३१ | | ९६२३२६.०० | | | |

२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समयः

क) अन्तिम मितिः- २०८२।०५।१८ ख) समयः- कार्यालय समय भित्र ।

३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः

क) अन्तिम मितिः- २०८१। ०५। १९ गते ख) समयः- दिनको ठिक २.०० बजे सम्म ।

४) बोलपत्र फारम प्रति लटको रु. १०००/२०००/३०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय र डिभिवन वन कार्यालय, कपिलवस्तु गौत्तमबुद्धबाट खरिद गरा सोही कार्यालयमा दाखिला गर्न सकिने छ ।

CamScanner

५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको नेपाल बैक लिमिटेड, चन्दौटा, कपिलवस्तुमा रहेको चल्ती खाता नं. २२८००१०१२१५६९००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक जमानत पेश गरेको हुनु पर्ने छ । नगद धरौटी मान्य हुने छैन ।

६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थल गई हेर्न सकिने छ ।

७) लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उध्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मूल्य अभिबृद्दी कर दर्ता प्रमाण पत्रको प्रितिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी र डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्ने पर्ने छ ।

८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रितपूर्वक पर्न आएका सबै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त भए पछि साक्षीहरुको रोहवरमा खोलीने छ ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१०) बोलपत्रमा सकार गरेको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएको र टिपेक्स लागेको पाईएमा मूल्याङ्कनमा समावेश गरिने छैन ।

११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्य समितिमा हुने छ ।

१२) बोलपत्र दाखिला गर्न तथा खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुने छ ।

१३) बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै खाममा शिलबन्दी गरी खामको बाहिर प्रष्ट नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।

१४) सूचाना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका सर्त सम्बन्धमा कुनै विवाद स्वतः अमान्य हनेछ ।

१५) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१६) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

१७) अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

CamScanner